# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं मार्ग ११ गते २०१३ साल

### उद्योग वाणिज्यमन्त्रालयको सूचना

### घरेलु ग्रामीण र साना उद्योग तालिम तथा विकाश समितिको नियमावली

**स्थापनाः-**

घरेलु तथा साना साना उद्योगहरूबाट उत्पादित बस्तुहरूको बिक्री बितरण र कालिगढहरूलाई सहायता सहुलियत दिन सरकारबाट २०१३।३।२२ को निर्णयबाट घरेलु शिल्पकला बिक्री भण्डारको स्थापना गरेको ।-

र घरेलु ग्रामीण तथा लघु उद्योगहरूमा तालिम दिई त्यस्ता उद्योगहरूको बिस्तार गराउन सरकारबाट २०१३।३।२२ को निर्णयबाट उपत्यकाञ्चल घरेलु इलम केन्द्रको स्थापना गरेको ।-

र यी दुवै संस्थाको कार्यवाहीमा घनिष्ट सम्बन्ध तथा समन्वय हुनु अति आवश्यक देखिएकोले ।-

र यी दुवै काम एउटै समितिको अधीनमा राखे यसको लक्ष पूर्ति राम्रो तवरले हुने देखिएकोले सरकारबाट विकाश समिति ऐन २०१३ को दफा ३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को उपदफा (१) बाट प्रबल अधिकारको प्रयोग गरी घरेलु ग्रामीण साना उद्योग तालिम तथा विकास समिति आजका मितिदेखि खडा गरेको छ।

यसको प्रधान कार्यालय काठमाडौंमा रहनेछ।

काम कारवाई:—

१. बिक्री विभागतर्फ २०१३।४।२९ मा गजेटमा प्रकाश भएको घरेलु शिल्प-कला बिक्री भण्डारको प्रबन्ध-पत्रबमोजिम हुनेछ।

२. तालिमतर्फ उपत्यकाञ्चल घरेलु ईलम केन्द्रको सञ्चालन गर्ने हाम्रो कालीगढहरूलाई देश विदेशमा पठाई तालिम दिन तथा विभिन्न मुलुकका विशेषज्ञहरूलाई तालिम दिनु हुनेछ।

३. विकासतर्फ तालिम भएका कालीगढहरूलाई आवश्यकीय ज्याभल सामान पूँजिको सहायता दिई घर घरमा उत्पादनको काम चालु गर्न लगाउने प्रबन्ध गर्नेछ।

यसको पूँजी देहायबमोजिम हुनेछ।—

पूँजी:—

१. बिक्री विभागतर्फ अधिकृत मूलधन १० लाख हुनेछ, जसमध्ये ५ लाख २०१३।४।२९ को गजेटबमोजिम सरकारबाट प्रदान गरिएको छ।

२. विकासतर्फ अधिकृत मूलधन ५ लाख हुनेछ, जसमध्ये १ लाख सरकारबाट प्रदान गरिएको छ।

३. तालिमतर्फ मोरु २ लाखको पूँजी सरकारबाट प्रदान गरिएको छ।

४. यसमा थप माष्टर कर्मचारीहरूको तलब भत्ता विशेषज्ञहरूको तलब खर्च शिकारुहरूलाई दिने छात्रवृत्ति, आवश्यकीय घरहरू बनाउने मर्मत गर्न लाग्ने खर्च, तालिमलाई चाहिने ज्याभल सामान किन्नलाई चाहिने रुपैयां इत्यादि खर्चको निमित्त बजेटबमोजिम फोर्ड फाउन्डेशन र नेपाल सरकारको संयुक्त कोषबाट आवश्यकीय रकम प्रदान गरिनेछ। यस बारेको सूचना बखत बखतमा प्रकाश हुनेछ।

गठन:—

उपरोक्त ऐनको दफा ३ को उपदफा (३) बाट प्रदत्त अधिकार प्रदान गरी घरेलु शिल्पकला बिक्री भण्डारको सञ्चालक समितिमा परिवर्तन गरी यसको काम चलाउन एक सभापति तथा ५ पांच जना सदस्यहरूको सञ्चालक समिति गठन गरिएको छ। साथै सरकारले आवश्यक ठहराएको बखत सरकारले यो समितिलाई मद्दत गर्न सल्लाहकारहरू मुकरर गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

घरेलु शिल्पकला बिक्री भण्डारको सञ्चालक समितिका निमित्त मुकरर भएका सदस्यहरू तथा सभापति यो समितिमा रहनेछ । थप भएको १ सदस्यमा यो संस्थाको डाइरेक्टरलाई मुकरर गरिएको छ । सो सञ्चालक सभाका सभापति श्रीमाननीय उ. वा. मन्त्रीज्यू सभामा उपस्थित हुन नसक्नुभए-का बखतमा वहाँको स्थानमा उ. वा. मन्त्रालयका श्रीसेक्रेटरी अथवा श्री डे. से. ले. ग्रहण गर्नु हुनेछ ।

सञ्चालकहरू रिटायर्ड हुनेबारे निजहरूको फी बारे २०१३।४।२६ को गजेटबमोजिमको नियम नै कायम रहनेछ ।

सञ्चालकको अयोग्यताः—

घरेलु शिल्पकला बिक्री भण्डारको प्रबन्धपत्रको दफा ५ को उपदफा (२) को निम्न कुरा थपिएको छ । तर यो कुरा यो संस्थाको डाइरेक्टर-लाई लागू हुनेछैन ।

घरेलु शिल्पकला बिक्री भण्डारको प्रबन्धपत्रको दफा १० खारेज गरी देहायबमोजिम गरिएको छ ।

समितिको रेखदेखमा रही दैनिक कामकाज चलाउनलाई एउटा डाइरेक्टर रहनेछ र निजको मद्दतको निमित्त १ जना अ. डाइरेक्टर रहनेछ । निजहरू ३।३ वर्षको निमित्त हुनेछन् र सो अवधि सकिएपछि सरकारले मनासिब ठहराएमा समितिको सिफारिसबाट निजहरूको पुनर्नियुक्ति गर्न सक्नेछ । निजहरूको पुनर्नियुक्ति नभएमा सरकारी सेवामा निजहरूको स्थानान्तरित हुनेछ ।

यो संस्थाको डाइरेक्टर सञ्चालक समितिका पदेन सञ्चालक तथा सेक्रेटरी हुनेछ । घरेलु शिल्पकला बिक्री भण्डारको प्रबन्धपत्रको अरू कुराहरू यो समितिको निमित्त बनेको मानिनेछ ।

आज्ञाले—

रामप्रसाद जोशी,

का. मु. सेक्रेटरी-उद्योग र वाणिज्यमन्त्रालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३१५